जाओ र चेलाहरू बनाओ

Go And Make Disciples

बृहत चेलापन

भाग ३

डोटाद्वारा निर्मित

समूहको अगुवाहरूका निम्ति

निर्देशिका पुस्तक ३

तेस्रो संस्करण

परिचय

के तपाईं येशू ख्रीष्टको चेलाझैँ वृद्धि हुन चाहनुहुन्छ? के तपाईं अरू विश्वासीहरूलाई वृद्धि हुन सहायता गर्न चाहनुहुन्छ?

त्यसो हो भने चेलाहरू निर्माण गर्ने समूहको अगुवाहरूका लागि तयार पारिएका चार वटा निर्देशिका पुस्तकहरू अध्ययन गर्नुहोस् र त्यहाँ भएका कुराहरू अभ्यास गर्नुहोस्! अब उप्रान्त यसलाई निर्देशिका पुस्तक १ - ४ भनिनेछ।

येशूले चेलाहरू बनाउनुभयो। उहाँले मानिसहरूलाई यसो भन्नुभयो, "आएर हेर" र "मेरो पछि लाग" (यूहन्ना १:३९,४३)। उहाँ कसरी जिउनुहुन्छ र केको लागि उहाँले आफ्नो जीवन दिनुभयो भनी हेर्नको लागि सबैतिरबाट मानिसहरू आइरहेका छन्। उहाँ को हुनुहुन्छ र उहाँले के गर्नुहुन्छ भन्ने कुरा जानेको कारणले गर्दा संसारको हरेक देशका मानिसहरूले उहाँलाई पछ्याउँछन्। उहाँले तिनीहरूको जीवन पूर्णरूपमा परिवर्तन गरिदिनुभयो। र उहाँले हाम्रो जीवन पनि पूर्णरूपमा परिवर्तन गरिदिनुभयो!

चेला बनाउन र सुसज्जित पार्नको निम्ति येशूले प्रार्थनासाथ बाह्र जना मानिसहरूलाई छान्नुभयो। उहाँको जीवनलाई पछ्याउन र उहाँको सेवकाइलाई अनुसरण गर्नको निम्ति वृद्धि हुँदै गरेका चेलाहरूले उहाँसँग समय बिताओस्, उहाँको वचनहरू ध्यान दिएर सुनोस् र उहाँको जीवनलाई रामोसँग अवलोकन गरोस् भनी उहाँ चाहनुहुन्थ्यो (मर्कूस ३:१३-१५)।

लगभग दुई वर्षपछि येशूले आफ्ना चेलाहरूलाई यस्तो काम दिनुभयो, "जाओ र सबै देशका मानिसहरूलाई चेला बनाओ" (मत्ती २८:१८-२०)। अनि तिनीहरू यरूशलेमदेखि पृथ्वीको अन्तिम छेउसम्म गएर मानिसहरूलाई चेला बनाए (प्रेरित १:८)। ती नयाँ चेलाहरूले आफ्नो पालोमा अझ धेरै चेलाहरू बनाए र सुसमाचार नपुगेका ठाउँहरूमा गएर प्रचार गरे। आफूले सिकेका कुराहरू तिनीहरूले अरू मानिसहरूलाई पनि सिकाए (२ तिमोथी २:२)। तसर्थ, अहिले प्रभु येशू ख्रीष्टका चेलाहरूले संसारको हरेक देशमा गई नयाँ चेलाहरू बनाइरहेका छन्।

येशू ख्रीष्टले विशेष इसाईहरूलाई सेवाको कामको लागि परमेश्वरका जनहरूलाई सुसज्जित पार्न यस्तो काम दिनुभयो ताकि ख्रीष्टको शरीर निर्माण हुन सकोस् (एफिसी ४:११-१६)।

यी चार निर्देशिका पुस्तकहरूको उद्देश्य आफूले वास्ता गरेको इसाईहरूलाई सुसज्जित पार्ने इसाई समूहको अगुवालाई सहायता गर्नु हो, ताकि तिनीहरू येशू ख्रीष्टको चेलाहरू हुन सकून्। यहाँ 'चेला' भनेको परिपक्व इसाई हो।

यो पाठ्यक्रमद्वारा चेलाहरूको तालिम व्यवहारिक बानाउन समूहको अगुवालाई दिइएका केही निर्देशनहरू:

१. चार वटा निर्देशिकाहरू प्रत्येकमा बाह्र पाठहरू छन्, र ती सबैलाई तीन महिनामा पूरा गर्न सकिन्छ।
२. यहाँ दिइएका महत्वपूर्ण बाइबल खण्डहरूले विद्यार्थीहरूलाई ख्रीष्ट र बाइबल जान्नको निम्ति सहायता गर्छन्।
३. समूहको अगुवाले यहाँ दिइएका प्रश्नहरू प्रयोग गर्नुपर्छ र समूहमा छलफल सुरु गर्नुभन्दा पहिले विद्यार्थीहरूलाई बाइबलको खण्डहरू पढ्न लगाउनुपर्छ।
४. प्रत्येक प्रश्नको उत्तरको सारंश पत्ता लगाउन गर्न 'टिप्पणीहरू' राखिएका छन्। यसले समूहको अगुवालाई बाटो देखाउने काम गर्छ।
५. यो तालिम दिने पाठ्यक्रमले यस्ता व्यवाहारिक तरिकाहरू सिकाउँछ, जसद्वारा एउटा व्यक्तिलाई अथवा सानो समूहमा भएका केही व्यक्तिहरूलाई चेलापनको अभ्यास गराउन सकिन्छ।
६. प्रत्येक पाठमा गृहकार्यको लागि केही अभ्यास राखिएका छन्, र ती सामग्रीहरू तालिमको अन्तमा विद्यार्थीहरूलाई बाँडिदिनुपर्छ।

७. यो तालिमको पाठ्यक्रम अरूहरूलाई सिकाउन सजिलो छ। प्रत्येक पाठ्यक्रमको १२ पाठहरू पूरा गरिसकेका विद्यार्थीहरूले अर्को नयाँ सानो समूह बनाएर मानिसहरूलाई यही तालिम सिकाउनुपर्नेछ। त्यसरी नयाँ समूहहरूमा सिकाउने अगुवाहरूका निम्ति यो निर्देशिकाको एक प्रति उपलब्ध गराउनु पर्नेछ।

तपाईंको क्षेत्रमा भएका चेलाहरूको सङ्ख्यालाई प्रभुले छिट्टै नै वृद्धि गरिदिनुभएको होस् र थुप्रै मानसिहरू विश्वासप्रति आज्ञाकारी हुन सकून् भन्ने हाम्रो प्रार्थना छ (प्रेरित ६:७)।

प्रभुलाई महिमा होस्! "किनकि सबै थोक उहाँबाट, उहाँद्वारा र उहाँकै निम्ति हुन्।
उहाँलाई नै सदासर्वदा महिमा होस्। आमेन" (रोमी ११:३६)।

DOTA (Discipleship Training On The Air. The name goes back to the period that this course was mainly broadcasted by radio.)

1994 (First Edition)

2009 (Third Revised Edition)

प्रतिलिपि सर्वाधिकार (कपीराइट)

यी चार वटा निर्देशिका पुस्तकहरूको प्रतिलिपि अधिकार लेखकमा सुरक्षित छ। तालिम दिने उद्देश्यले यसलाई स्वतन्त्रसाथ प्रयोग गर्न सकिन्छ तर लेखकबाट लिखित अनुमति नपाएसम्म यसलाई बिक्री गर्न, परिवर्तन गर्न वा अरू भाषाहरूमा अनुवाद गर्न पाइनेछैन।

सिफारिस

व्यापकरूपमा प्रयोग गरी धेरै मानिसहरूले आशिष् पाउन सकोस् भन्ने हेतुले यो सामग्री तयार पारिएको हो। यी चार निर्देशिका पुस्तकहरूको उद्देश्य इसाईहरूलाई तालिम दिएर सुसज्जित पार्नु भएकोले, समूहको अगुवाहरूले मात्र यस तालिम पाठ्यपुस्तकको सामाग्रीहरूको प्रतिलिपि बनाउन सिफारिस गरिएको छ। कुनै विद्यार्थीले निर्देशिकाको बाह्रै वटा पाठहरू पूरा गरिसकेपछि मात्र यस पाठ्यसामग्रीको प्रतिलिपि उसलाई दिनुपर्छ र त्यसपछि उसले अर्को नयाँ व्यक्ति वा कुनै सानो समूहमा यसलाई सिकाउनु पर्नेछ।

विषय सूची

समूहको अगुवाहरूका निम्ति निर्देशिका ३

परिचय र प्रतिलिपि अधिकार

तालिम कार्यक्रम - १

यो तालिम हरेक हप्ता ३ महिनासम्म सञ्चालन गर्नुपर्छ। प्रत्येक हप्ता हुने उक्त तालिमको अवधि १.५ देखि २ घण्टासम्म हुनेछ। तालिमको लागि ३ देखि १० जनासम्मको सानो समूह बनाउनुहोस्। प्रत्येक कार्यक्रम प्रार्थनाबाट सुरु हुन्छ र अन्तमा गृहकार्य दिएपछि प्रतिक्रियात्मक प्रार्थनाद्वारा यो तालिम सकिन्छ।

पाठ - २५ आराधना (परमेश्वर असीमित हुनुहुन्छ) ७

परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा पाएको कुरा बाँड्नु (उत्पत्ति १:१-४:२६)

शिक्षा (प्रश्न गर्ने तरिका)

पाठ - २६ परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा पाएको कुरा बाँड्नु (उत्पत्ति ६:१-९:२८) १५

पद कण्ठ (पापको स्वभाव - रोमी ३:२३)

बाइबल अध्ययन (मण्डलीको साँस्कृतिक कर्तव्य : उत्पत्ति १:२४-२:२५)

पाठ - २७ आराधना (परमेश्वरलाई जान्न सकिन्छ) २७

परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा पाएको कुरा बाँड्नु (उत्पत्ति १२:१-१५:२१)

शिक्षा (सुसमाचारको अवधारणा - भाग २)

पाठ - २८ परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा पाएको कुरा बाँड्नु (उत्पत्ति १६:१-१९:२९ ३७

पद कण्ठ (पापको दण्ड : उपदेशक १२:१४)

बाइबल अध्ययन (मण्डलीको सुसमाचारीय कार्य : प्रेरित ५:१२-४२)

पाठ - २९ आराधना (परमेश्वर रक्षक हुनुहुन्छ) ४५

परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा पाएको कुरा बाड्नु (उत्पत्ति २०:१-२३:२०)

शिक्षा (बाइबलको सही व्याख्या गर्नु)

पाठ - ३० पापको प्रायश्चित ५७

पाठ - ३१ परमेश्वर छुटकारा दिने हुनुहुन्छ। ६६

पाठ - ३२ मुक्ति सित्तैको उपहार हो ७४

पाठ - ३३ परमेश्वर कुमाले हुनुहुन्छ ८५

पाठ - ३४ विश्वासद्वारा मुक्ति ९३

पाठ - ३५ परमेश्वरको उपस्थितिको चाहना गर्नु १०६

पाठ - ३६ सुसमाचारबारेको पदहरूको पुनरावलोकन ११६

परिशिष्ट १२

परिशिष्ट १३

परिशिष्ट १४

परिशिष्ट १५

तालिम कार्यक्रम - ३

यस उद्देश्यपूर्ण कार्यक्रमलाई हप्ताको एकपटक दिनभरि अथवा लगातार छ दिनसम्म सञ्चालन गर्न सकिन्छ। सम्पूर्ण समूहलाई स-साना समूहहरूमा विभाजन गर्नुहोस् र ती प्रत्येक समूहमा एक जना तालिमप्राप्त अगुवा राख्नुहोस्। ती साना समूहहरूमा तीनदेखि दश जना व्यक्तिहरूलाई समावेश गर्नुहोस।

कार्यक्रमको ढाँचा

०९:०० - ०९:३०	आराधना (समूहगतरूपमा)
०९:३० - ११:००	शिक्षा (समूहमा)
	विश्राम
११:३० - १३:००	बाइबल अध्ययन (समूहमा)
	विश्राम
१६:०० - १७:००	शिक्षा अथवा बाइबल अध्ययन गर्ने र प्रश्नहरूको उत्तरहरू पूरा गर्ने अथवा छुट्टै समूहगत शिक्षाको लागि अतिरिक्त समय
	विश्राम
१७:३० - १७:४५	मनन र पद कण्ठ (दुई-दुई जना बसेर)
१७:४५ - १८:३०	बाइबल वाचन (एक्लै बसेर)
१८:३० - १९:००	परमेश्वरसँग व्यक्तिगत समय (दुई-दुई जना बसेर)
१९:०० - १९:४५	आफूले बुझेको कुरा एक-अर्कामा बाँडेर प्रार्थना गर्ने (बढीमा १० व्यक्तिहरू भएको समूहमा)